# पूर्वादेश

**१. पूर्वादेश भनेको के हो ?**

कुनै व्यक्तिले आफूद्वारा प्रस्तावित वा आफूले मानेको कुनै प्रवन्धका सम्बन्धमा द्विविधा भै विभागको धारणा लिन लिखित रुपमा निवेदन दिई जान्न चाहेमा निजलाई दिइएको लिखित विभागीय धारणालाई पूर्वादेश भनिन्छ ।

**२. पूर्वादेश कस्ता करदातालाई लागू हुन्छ ?**

दफा ७६ अनुसार आफूद्वारा प्रस्तावित वा आफूले मानेको कुनै प्रवन्धका बारेमा कुनै द्विविधा परी निवेदन गर्ने करदातालाई मात्र पूर्वादेश लागू हुन्छ ।

**३. पूर्वादेश माग गर्ने तरिका के हो ? यो माग गर्न के कुनै निश्चित फाराम तोकिएको छ ? पूर्वादेश पाउन कस्ता सुचनाहरु विभागलाई उपलब्ध गराउनु पर्दछ ?**

पूर्वादेश माग गर्न विभाग समक्ष निवेदन दिनु पर्दछ । यस प्रयोजनका लागि निवेदनको ढाँचा तोकिएको छ । पूर्वादेश माग गर्न सम्बद्ध विषयको पूर्ण र यथार्थ विवरण विभागलाई उपलब्ध गराउनु पर्दछ । तर पूर्वादेश काल्पनिक बिषयमा भने माग्न सकिदैन । यो करदाताको द्विबिधा हटाउनको लागि प्रयोगमा ल्याएको आधुनिक कर प्रणालीको प्रबन्ध हो ।

**४. माग गरेको कति अवधिभित्र पूर्वादेश पाइन्छ ?**

पूर्वादेश माग गरेको ४५ दिनभित्र बिभागले उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था छ ।

**५. आफूले माग गरेको पूर्वादेश पाउन ढिला भयो भने के कस्तो अन्य कानूनी उपचार उपलब्ध छ ?**

आफूले माग गरेको पूर्वादेश पाउन ढीला भयो भने निवेदकले ऐनको दफा ११५ बमोजिम विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन वा दफा ११६(४) बमोजिम राजस्व न्यायाधीकरण समक्ष पुनरावेदन गर्न सकिन्छ ।

**६. पूर्वादेशको आदेश कुन अधिकारीबाट जारी हुन्छ ?**

पूर्वादेश आन्तरिक राजस्व विभागका महानिर्देशकबाट जारी हुन्छ ।

**७. पूर्वादेशमा चित्त नबुझे मैले के गर्न सक्छु ?**

आन्तरिक राजस्व विभागका महानिर्देशकले जारी गरेको पूर्वादेशमा चित्त नबुझे तपाईले ऐनको दफा ११५ बमोजिम विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन वा आयकर ऐन २०५८ दफा ११६(४) वा बमोजिम राजस्व न्यायाधीकरण समक्ष पुनरावेदन दिन सक्नु हुन्छ ।

**८. के कुनै काल्पनिक विषयमा विभागको राय जान्न पूर्वादेश माग गर्न सकिन्छ ?**

कुनै काल्पनिक विषयमा विभागको राय जान्न पूर्वादेश माग गर्न सकिदैन । पूर्वादेशको विषयवस्तु निवेदकको कारोबारको यथार्थ अवस्थासँग सम्बन्धित भई कानूनी द्विविधा परेको हुनुपर्छ ।

**९. पूर्वादेश पाउन कुनै धरौटी वा दस्तुर बुझाउनु पर्दछ ?**

पूर्वादेश माग गर्न कुनैपनि धरौटी वा दस्तुर बुझाउनु पर्दैन ।

**१०. पूर्वादेश बाध्यकारी आदेश हो ? हो भने यो कसका लागि बाध्यकारी हो ?**

पूर्वादेश माग गर्ने निवेदक र कार्यान्वयन गर्ने कर प्रशासनका लागि मात्र पूर्वादेश बहाल रहेसम्म उक्त आदेश बाध्यकारी हुन्छ । अन्यलाई बाध्यकारी हुँदैन । पूर्वादेशसंग सम्बद्ध विषयको पूर्ण यथार्थ विवरण विभाग समक्ष प्रस्तुत गरेको र पूर्वादेश माग गरिएको निवेदनमा उल्लिखित बुंदा अनुरुपको प्रबन्ध भएको व्यक्तिको हकमा आन्तरिक राजस्व विभाग यस्तो पूर्वादेश मान्न बाध्य छ । पूर्वादेश जारी गरिएको व्यक्तिको हकमा सार्वजनिक परिपत्रभन्दा पूर्वादेशले यस्तो व्यक्तिका लागि प्राथमिकता पाउँछ । तर आयकर ऐन तथा नियमावलीको जुन दफा वा नियमको आधारमा पूर्वादेश जारी गरिएको हो सो दफा वा नियममा संशोधन भएमा जारी भएको पूर्वादेश संशोधन भएको हदसम्म स्वतः बदर हुनेछ ।

**११. पूर्वादेशको पालना कस कसले गर्नु पर्दछ ?**

कर प्रशासन र निवेदक दुवैले यो आदेशको पालना गर्नु पर्दछ ।